# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०४ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

जिल्ला सप्तरी साविक मलेकपुर-५ स्थितमा कृषी उपज तथा पशु हाटबजार निर्माण एवं सञ्चालनको लागि मलेकपुरबाट गाविसका पूर्व गाविस अध्यक्ष मधुकर यादवले जिल्ला पशु सेवा कार्यालय, सप्तरीसँग सम्झौता गरी साविक गाविस मलेकपुरबाट गाउँपरिषदको निर्णय विपरीत रकम पेश्की लिई उक्त रकम खर्च गरी निर्माण गरिएको संरचना व्यक्तिगत प्रयोजनमा ल्याई सरकारी रकम हिनामिना गरेको हुँदा उक्त सरकारी रकम हिनामिना गर्नेलाई कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा कृषी उपज तथा पशु हाटबजार समिति मलेकपुरका तत्कालीन अध्यक्ष मधुकर यादव र कोषाध्यक्ष विश्वप्रसाद यादवले जिल्ला पशु सेवा कार्यालय, सप्तरीबाट पशु हाटबजारको लागि संरचना निर्माण गर्न भनि रू.५,००,०००।—(पाँच लाख) र मलेकपुर गाविसबाट रू.२,००,०००।—(दुई लाख) गरी जम्मा ७,००,०००।—(सात लाख) तथा स्थानिय श्रमदान समेत गरी जम्मा रू.१०,०२०,६५६।—मध्ये पोखरी जिर्णोद्वार तथा तारबारको लागि रू.७,६०,३९३।७५।—(सात लाख साठी हजार तिन सय त्रियानब्बे रूपैंया पचहत्तर पैसा) खर्च गरेको र सो पोखरी हाल सार्वजनिक रूपमा प्रयोगमा आएको तर पशु हाटबजारको कार्यालय भवनको लागि रू.२,४२,२६२।३२।—(दुई लाख बयालीस हजार दुईसय बैसठ्ठी रूपैंया बत्तिस पैसा) खर्च गरी निर्माण गरेको संरचना निज विश्वप्रसाद यादव आफैंले थप संरचना निर्माण गरी व्यक्तिगत प्रयोजनमा ल्याई सरकारी रकम रू.२,४२,२६२।३२ (दुई लाख बयालीस हजार दुईसय बैसठ्ठी रूपैंया बत्तिस पैसा) निज अध्यक्ष मधुकर यादव र कोषाध्यक्ष विश्व प्रसाद यादवले मिलेमतो गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिबादीहरू मधुकर यादव र विश्व प्रसाद यादवलाई जनही विगो रू.२,४२,२६२।३२।-(दुई लाख बयालीस हजार दुईसय बैसठ्ठी रूपैंया बत्तिस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिई मिति २०७६/०३/०२ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता